# बाइबल नैतिकता



Bible Ethics

CL 60/60

Nepali

# बाइबल नैतिकता

# Bible Ethics

लेखकः जोहन र सारा माइल्स

अनुवादकः बाल कृष्ण शर्मा

प्रकाशक

आई सी आई
पो. व. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९५ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति २,०००

**Bible Ethics**
**ICI University**
**P.O. Box 4245**
**Kathmandu, Nepal**

# विषय सूची


पाठ पृष्ठ

आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं ५

१. तपाईं जस्तो हुनुहुन्छ परमेश्वरले तपाईंलाई त्यस्तै बनाउनुभयो ........................................८

२. हाम्रो जीवनको निम्ति नमूना परमेश्वर नै हुनुहुन्छ .....३०

३. तपाईं कस्तो भएको र के गरेको परमेश्वर चाहनुहुन्छ ..४६

४. जिउनको निम्ति परमेश्वरले तपाईंलाई नियमहरू दिनुहुन्छ ..६६

५. जिउनको निम्ति परमेश्वरले तपाईंलाई स्तरहरू दिनुहुन्छ ..८८

६. तपाईंले आफ्नो निम्ति सरोकार राखेको परमेश्वर चाहनुहुन्छ ........................................११२

७. तपाईंले एकलेसियाको निम्ति सरोकार राखेको परमेश्वर चाहनुहुन्छ ........................................१३८

८. संसारको निम्ति सरोकार राख्न परमेश्वरले तपाईंलाई पठाउनुभएको छ ........................................१५४

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंको अध्ययन सहायक लेखकबाट**

हामीहरू ख्रीष्टियान भएका हुनाले हामीले गर्न नहुने धेरै कुराहरूका बारेमा हामी घरीघरी विचार गरिरहन्छौं। तर, ठीक जीविकाको उद्देश्य येशूले भन्नुभएको जस्तै हुनुपर्छ। उहाँले भन्नुभयो, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु" (१ पत्रस १:१६)।

येशूको जीवन र शिक्षामा प्राप्त उदाहरणलाई हामी ख्रीष्टियानहरूले पछ्याउनुपर्छ र हाम्रो जीवनको ढाँचाले असल कार्यहरू दर्शाउनुपर्छ र यस्तो आचरणले सकारात्मक जीविकाको प्रदर्शन गर्छ। यस्तो र उस्तो गर्नुपर्छ भन्ने मागहरूले भन्दा सकारात्मक आज्ञा र प्रतिज्ञाहरूले हामीलाई आनन्दमय जीवन जिउन सहायता पुऱ्याउँछन्।

येशू हाम्रा उदाहरण हुनुहुन्छ। त्यसै गरी तपाई पनि पवित्र हुन सक्नुभएको होस् भनी तपाईंलाई सहायता पुऱ्याउनको निम्ति यस पाठ्यक्रमले विभिन्न नियमहरू पनि उपलब्ध गरिदिएको छ। ठीक जीविकाको निम्ति बनाइएका यी नियमहरू तपाईंकै फाइदाका लागि हुन् भनी हेर्न यसले तपाईंलाई सहायता पुऱ्याउँछ। ख्रीष्टियानको हैसियतले तपाईंले जे गर्नुहुन्न त्यसमा होइन तर तपाई जे हुनुहुन्छ त्यस कुरामा परमेश्वरले बढ़ी चासो राख्नुहुन्छ।

**तपाईंको अध्ययन सहायक**

बाइबल नैतिकता भनिने यो पुस्तक पाकेट साइजको भएको हुनाले तपाईं जता जानुहुँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यसलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्ट्याउने कोशिश गर्नुहोस्।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यान दिएर अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र तपाईंको अभ्यासको निम्ति भनिने शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई दोहोऱ्याउँदा तपाईं यसलाई हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यपुस्तकलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

प्रत्येक पाठको शुरूमा नै मुख्य उद्देश्यहरू दिइएका छन्। उद्देश्य शब्दले यस पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ सो कुरा बताउँछ। उद्देश्य भनेको कुनै लक्ष्य हो र तपाईंले यी उद्देश्यहरूलाई आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्नुहुनेछ।

**तपाईंको विद्यार्थी प्रतिवेदन**

यदि तपाईंले प्रमाण-पत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदनः बाइबल नैतिकता भनिने छुट्टै पुस्तिका पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भन्ने कुरा तपाईंको अध्ययन सहायक पुस्तिकाले नै बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाण-पत्र पठाइनेछ।

**लेखकहरूका बारेमा**

जोहन र सारा माइल्स श्रीमान्, श्रीमती हुनुहुन्छ र मिशनरी र शिक्षण अनुभवमा परिपक्व हुनुभएका व्यक्तिहरूद्वारा नै यो पाठ्यपुस्तक लेखिएको हो। जोहन माइल्सले फेन्च भाषामा पि.एच. डी. गर्नुभएको छ र हाल उहाँ विइटन कलेज, अमेरिकामा अध्यापन गर्नुहुन्छ। सारा माइल्सले पनि ख्रीष्टियान शिक्षा र विज्ञानमा एम. ए. गर्नुभएको छ र हाल विइटन कलेजमा जीव-विज्ञान विषयमा अध्यापन गर्नुहुन्छ। उहाँहरूले ई.सं. १९६५-देखि १९६८-सम्म अफ्रिकाको जाइरेमा मिशनरी शिक्षकको सेवा गर्नुभयो। दुवै जना अभिषिक्त सेवकहरू हुनुहुन्छ।

अब तपाईं पाठ १ अध्ययन गर्नलाई तयारी भइसक्नुभएको छ र यस अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।